बुटवल उप-महानगरपालिका कार्यालय
२०७१

बैठक नं .८ आ.व.२०७३।०७४

आज मिति २०७३।०९।१२ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री रामलाल श्रेष्ठको अध्यक्षता र देहायका आमन्त्रित वरिष्ठ अधिकृतहरु एवं अधिकृतहरुको उपस्थितिमा बुटवल उप-महानगरपालिकाको वोर्ड बैठक बसियो ।

समय : दिनको ४.१० बजे ।
स्थान : बु.उ.म.न.पा.भवन ।

| सि.नं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख एवं कार्यकारी अधिकृत | रामलाल श्रेष्ठ | |
| | आमन्त्रितहरु | | |
| १ | वरिष्ठ अधिकृत | विष्णु प्रसाद खनाल | |
| २ | ,, ,, | शिव नारायण शाह | |
| ३ | ,, ,, | भुवा प्रसाद लुईटेल | |
| ४ | योजना प्रमुख | सुमन श्रेष्ठ | |
| ५ | बरिष्ठ अधिकृत | हरि प्रसाद आचार्य | |
| ६ | वरिष्ठ अधिकृत (आ.ले.प.) | लेखनाथ पोखरेल | |
| ७ | वरिष्ठ अधिकृत | विजंयदेव भुर्तेल | |
| ८ | वरिष्ठ अधिकृत | राम प्रसाद अर्याल | |
| ९ | ,, ,, | डोलराज पौडेल | |
| १० | ,, ,, | दामोदर ज्ञवाली | |
| ११ | शाखा अधिकृत | दिल बहादुर श्रेष्ठ | |
| १२ | इन्जिनियर | सफिर अहमद खान | |
| १३ | शाखा अधिकृत | भरत कुमार काउचा | |
| १४ | ,, ,, | टिका कुमारी भण्डारी | |
| १५ | लेखा अधिकृत | शंकर ढकाल | |
| १६ | ईन्जिनियर | रुक्मागत वस्याल | |
| १७ | लेखा अधिकृत | सितु प्रसाद श्रेष्ठ | |

निर्णय नं. १

नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आर्थिक बर्ष २०७३/०७४ मा नगरपालिकाहरुमा पक्की सतह नाला सहितको व्यवस्थित पक्की नमूना सडक निमार्ण गर्ने कार्यक्रम अन्तरगत यस बुटवल उप-महानगरपालिकाको लागी समेत रु.९२,१६,०००/- (बयानब्बे लाख सोह्र हजार) मात्र विनियोजन भै आएकोमा यस बुटवल उप-महानगरपालिका वडा नं. ५/६ अन्तरगतका ओमशान्ती मार्ग र रुपन्देही व्यापार संघको भवन देखी जेसीस चोक सम्म दरबार मार्गमा नाला सहितको कालोपत्रे सडक निर्माण, फुटपाथ, बृक्षारोपण तथा सौर्य सडक बत्ति जडान गर्ने भनी मिति २०७३/०६/१६ मा योजना छनौट एवं स्वीकृत भई सम्भाव्यता अध्ययन लगायतका प्रक्रियाहरु समेत पुरा भएको हुदा उक्त कार्यका लागि प्राविधिकबाट भई आएको लागत ईस्टिमेट रु.२,७२,३५,९२१/७५ (दुई करोड बहत्तर लाख पैतिस हजार नौ सय एक्काईस र पैसा पतहत्तर) मात्र (भ्याट, मर्मत सम्भार खर्च र प्रशासनिक खर्च सहित) मध्ये विनियोजित उल्लेखित रकममा नपुग रकम रु.१,८०,१९,९२१/७५ (एक करोड असी लाख उन्नाईस हजार नौ सय एक्काईस र पैसा पतहत्तर) मात्र यस बुटवल उप-महानगरपालिका कार्यालयको नियमित तथा आकस्मिक शीर्षकबाट व्यहोर्ने गरी उक्त लागत अनुमानलाई स्वीकृति प्रदान गर्ने र टेक्का प्रक्रिया मार्फत योजना कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. २

यस बुटवल उप-महानगरपालिकाको गत आर्थिक बर्ष २०७२/०७३ को अन्तिम लेखा परीक्षण गर्नको लागि मिति २०७३/०७/२९ को बोर्ड बैठकको निर्णय नं. ५ बाट नियुक्त लेखा परीक्षक भुर्तेल एण्ड एसोसियट्स बुटवल ११ ले अन्तिम लेखा परीक्षणको कार्य सम्पन्न गरी पेश गरेको प्रारम्भिक प्रतिवेदन आजको बैठकमा प्रस्तुत भई छलफल गरियो। उक्त प्रारम्भिक प्रतिवेदनले औंल्याएका बिषयहरुलाई आर्थिक प्रशासन महाशाखाबाट स्पष्ट पारी लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. ३

यस बुटवल उप-महानगरपालिका कार्यालयमा कार्यरत निम्न कर्मचारीहले स्तरवृद्धी गरी पाउ भनि पेश गरेको निवेदन र प्रशासन शाखाबाट पेश हुन आएको टिप्पणी बमोजिम निम्न सेवा अवधि पुगेका निम्न पदमा कार्यरत निम्न कर्मचारीहरुलाई स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२५ ग को उपनियम (३) (घ) बमोजिम मिति २०७३/०९/१५ गते देखी लागु हुने गरी निम्न स्तरमा स्तरवृद्धि गर्ने निर्णय गरियो ।

निम्नः

| सि.नं. | नामथर | पद | नियुक्ति मिति | सेवा अवधि | साविक स्तर | कायम हुने स्तर |
|---|---|---|---|---|---|---|
| १. | खेमानन्द दुवे | फायरमेन | २०५३/०८/१६ | २० बर्ष | चौथो | पाचौं |
| २. | बेली बोहरा | कार्यालय सहयोगी | २०५३/०९/०५ | २० बर्ष | चौथो | पाचौं |
| ३. | कुल प्रसाद पौंडेल | कार्यालय सहयोगी | २०५३/०९/०५ | २० बर्ष | चौथो | पाचौं |
| ४. | राम किशोर यादव | कार्यालय सहयोगी | २०५३/०९/०५ | २० बर्ष | चौथो | पाचौं |

निर्णय नं. ४

चालु आ.व. ०७३/०७४ मंसिर मासान्त सम्ममा विभिन्न शीर्षकहरुमा रु.२५,३०,२५,५३२/८२ आम्दानी र सोही अवधिमा उपभोग खर्च, सेवा खर्च, फिर्ता खर्च, सम्पुरक कोष, पूर्वाधार विकास, प्रबर्धनात्मक कार्यक्रम, लक्षित समूह कार्यक्रम र गत आ.व.को भुक्तानी गर्नु पर्ने शीर्षकमा रु.१५,७२,२५,७५१/- खर्च भएको व्यहोरा आजको बैठकमा जानकारी भयो।

अन्त्यमा उपस्थित सबैलाई धन्यबाद दिई प्रमुखज्यूबाट बोर्ड बैठक समाप्त भएको जानकारी गराउनु भयो।

०७३/८/१२